२०५०

## धितोपत्र निष्काशन तथा बाँडफाँड (छैठौं संशोधन) निर्देशिका, २०७९ लागू गरिएको सम्बन्धमा

संगठित संस्थाले शेयरको प्रारम्भिक सार्वजनिक निष्काशन गर्दा निष्काशित शेयरको दश प्रतिशत शेयर नेपाल सरकारको सम्बन्धित निकायबाट श्रम स्वीकृति प्राप्त गरी विदेशमा रोजगारी गरिरहेका नेपालीका लागि छुट्याई बाँडफाँड गर्नु पर्ने व्यवस्था सहितको देहायको अनुसारको धितोपत्र निष्काशन तथा बाँडफाँड (छैठौं संशोधन) निर्देशिका, २०७९ मिति २०७९।०७।१७ गते देखी लागू हुने गरी स्वीकृत गरिएको छ ।

## धितोपत्र निष्काशन तथा बाँडफाँड (छैठौ संशोधन) निर्देशिका, २०७९

धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा ११८ ले दिएको अधिकार प्रयोग गरी नेपाल धितोपत्र बोर्डले देहायको निर्देशिका बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यस निर्देशिकाको नाम "धितोपत्र निष्काशन तथा बाँडफाँड (छैठौं संशोधन) निर्देशिका, २०७९" रहेको छ ।

(२) यो निर्देशिका नेपाल धितोपत्र बोर्डले तोकेको मिति देखि प्रारम्भ हुनेछ ।

२. **धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका २०७४ को दफा ४क. पछि दफा ४ख. थप:** धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४ (यस पछि "मूल निर्देशिका" भनिएको ) को दफा ४क. पछि देहायको दफा ४ख. थपिएको छ :-

"४ख. **विदेशमा बसी रोजगार गरेका नेपालीहरुलाई शेयर निष्काशन:** (१) संगठित संस्थाले सर्वसाधारणलाई प्रारम्भिक सार्वजनिक निष्काशन गर्नु अगावै सार्वजनिक निष्काशन गरिने शेयरको १० प्रतिशत नेपाल सरकारको सम्बन्धित निकायबाट श्रम स्वीकृति प्राप्त गरी विदेशमा बसी रोजगार गरिरहेका नेपालीहरुका लागि छुट्याउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम छुट्याएको शेयर निष्काशन गर्दा निष्काशन तथा बिक्री प्रबन्धकले सर्वसाधारणको लागि निष्काशन गर्नु अगावै १५ दिनको अवधि तोकि आव्हानपत्र प्रकाशित गर्नुपर्नेछ ।

(३) उपदफा (२) बमोजिम निष्काशित शेयरमा आवेदन दिंदा बोर्डबाट धितोपत्र खरिद दरखास्त संकलन सम्बन्धी कार्य गर्न अनुमति प्राप्त आस्वा सदस्य बैंक वा वित्तीय संस्थामा रहेको विप्रेषण (रेमिटचान्स) बचत खाता मार्फत मात्र भुक्तानी गर्नु पर्नेछ ।

स्पष्टीकरण: "विप्रेषण (रेमिटचान्स) बचत खाता" भन्नाले नेपाल सरकारको सम्बन्धित निकायबाट श्रम स्वीकृति प्राप्त गरी विदेशमा बसी रोजगार गरिरहेका नेपाली नागरिकको बोर्डबाट धितोपत्र खरिद दरखास्त संकलन सम्बन्धी कार्य गर्न अनुमति प्राप्त आस्वा सदस्य बैंक

वा वित्तीय संस्थामा सम्बन्धित व्यक्तिको नाममा रहेको विप्रेषण (रेमिटचान्स) बचत खाता सम्झनुपर्छ ।

(४) उपदफा (२) बमोजिमको निष्काशनमा आवेदन गर्न विप्रेषण (रेमिटचान्स) बचत खातामा पछिल्लो छ महिनामा कम्तीमा पचास हजार नेपाली रुपैयाँ सम्बन्धित व्यक्तिले आफू रोजगार रहेको मुलुकबाट जम्मा गरेको हुनुपर्नेछ ।

(५) उपदफा (२) बमोजिम निष्काशित शेयरको बाँडफाँड दफा ३० बमोजिम गर्नुपर्नेछ । यसरी बाडँफाँड भए पश्चात मात्र सर्वसाधारणको लागि प्रारम्भिक सार्वजनिक निष्काशन गर्नु पर्नेछ ।

(६) उपदफा (२) बमोजिम निष्काशित शेयर बिक्री नभई बाँकी रहन गएमा त्यस्तो शेयर सर्वसाधारण समूहमा थप गरी जारी गर्नु पर्नेछ ।

(७) निक्षेप सदस्यले यस दफाको प्रयोजनको लागि विदेशमा बसी रोजगार गरिरहेका नेपाली नागरिकका लागि हितग्राही खाता खोल्दा विद्युतीय माध्यमबाट समेत ग्राहक पहिचान विवरण रुजु गरी हितग्राही खाता खोल्न सक्नेछ ।

(८) यस दफाको प्रयोजनको लागि विदेशमा बसी रोजगार गरिरहेका नेपाली नागरिकहरुका लागि बोर्डबाट धितोपत्र खरिद दरखास्त संकलन सम्बन्धी कार्य गर्न अनुमति प्राप्त आस्वा सदस्य बैंक वा वित्तीय संस्थाले विद्युतीय माध्यमबाट सिआरएन नम्बर लिई आवेदन दिने व्यवस्था गर्न सक्नेछ ।

(९) उपदफा (२) बमोजिम निष्काशित शेयरमा आवेदन दिएका विदेशमा बसी रोजगार गरिरहेका नेपाली नागरिकले सर्वसाधारणलाई छुट्याएको शेयरमा आवेदन गर्न सक्ने छैन ।"

३. **मूल निर्देशिकाको दफा ९ मा संशोधन :** मूल निर्देशिकाको दफा ९ को उपदफा (३) मा देहायको प्रतिवन्धात्मक वाक्यांश थपिएको छः-

"तर नियमनकारी निकायले यस्तो कोषको व्यवस्था गर्नु नपर्ने व्यवस्था गरेको भएमा यस्तो कोषको व्यवस्था गर्नु पर्ने छैन ।"